लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
(आन्तरिक राजस्व उपशाखा)

## नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन कार्य संचालनकालागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

**(दोश्रो पटक सूचना प्रकाशित मितिः– २०७९/०७/३०)**

चालु आ.व. २०७९/०८० (मिति २०७९ साल पौष १ गतेदेखि २०८० साल जेठ मसान्तसम्म) कोलागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस लहान नगरपालिकाको आर्थिक ऐन, २०७९ बमोजिम यस नगरपालिका क्षेत्रभित्र रहेका बलान, खुट्टी, सर्रे, मुतनी र भिरभिरे खोलाहरुवाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन,२०७९ बमोजिम नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन गरी लहान नगरपालिकाबाट तोकिएको दररेटमा बिक्री वितरण गर्ने गरी किस्ताबन्दीमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुको लागि तपसिल बमोजिमको ठेक्का विवरण र शर्तहरुको अधिनमा रही रित्तपूर्वक शिलबन्दी वोलपत्र आह्वान गरिन्छ ।

**ठेक्का विवरणः**

| ठेक्काको नाम | दररेट रु. (प्रति घन फीट) | उत्खनन् गर्न मिल्ने परिमाण | न्यूनतम बोलपत्र रकम रु. आयकर/दुर्गापुजा चन्दा बाहेक) | वोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन ठेक्का । | ३।– (तीन) | २९,३२,१७३.२६ घन फीट | ८८,०८,०००।– | ३,०००।– |

**शर्तहरुः**

१. शिलबन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन साथ २०७९/०८० कोलागि नविकरण भएको इजाजत-पत्र, मू.अ.कर दर्ता/स्थायी लेखा नम्बर (पान) र आ.व.२०७७/२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी मिति २०७९ साल मंसिर १४ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व उप-शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसंग अध्ययन गरी सम्बन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम वाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्टसंग उल्लेख गरी मिति २०७९ साल मंसिर १५ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजेपछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा बाधा पर्नेछैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्रि गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ । एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. लहान नगरपालिका वडा नं २४ को खुट्टी र सर्रे खोलाको संगम स्थलदेखि उत्तरतर्फ रहेको खुट्टीखोला, गुदीगाउँ पुल, खुट्टी पुल, बलान पुल र अन्य पुलदेखि अगाडी/पछाडी ५००/५०० मिटरसम्मको क्षेत्र र अन्य सार्वजनिक संरचनाको १०० मीटरको क्षेत्रभित्र नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न पाईनेछैन । साथै स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन,२०७९ बमोजिम मात्र नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न पाईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner